आज मिति २०७८।०४।१० गते झापा जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री श्रवणकुमार तिमिल्सिनाज्यूको संयोजकत्वमा जिल्ला कोभिड व्यवस्थापन समिति DCMC (District Covid Management Committee) को बैठक बसी देहायका पदाधिकारीहरुको उपस्थितिमा देहाय बमोजिम निर्णय गरियो।

उपस्थिति

प्रमुख जिल्ला अधिकारी, श्री श्रवण कुमार तिमिल्सिना, जिल्ला प्रशासन कार्यालय, झापा

सहायक प्रमुख जिल्ला अधिकारी, श्री तिलोचन रिमाल, जिल्ला प्रशासन कार्यालय, झापा

सशस्त्र प्रहरी उपरिक्षक, श्री रमेश कुमार पाण्डे, सशस्त्र प्रहरी वल, २ नं. गण हे.क्वा, झापा

उप-अनुसन्धान निर्देशक, श्री तिलक शर्मा प्रसाई, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, झापा

प्रहरी नायब उपरिक्षक, श्री राकेश थापा, जिल्ला प्रहरी कार्यलय, झापा

उप सेनानी, श्री निरन्जन चौहान, श्री नयाँ श्रीनाथ गण, चारआली, झापा

प्रमुख मेडीकल सुपरीटेन्डेन्ट डा., श्री टंकप्रसाद बारकोटी, मेची अस्पताल, झापा

जिल्ला समन्वय अधिकारी, श्री लाल बाबु श्रेष्ठ, जिल्ला समन्वय समितिको कार्यालय, झापा

आमन्त्रित

नि. कार्यालय प्रमुख, श्री योगराज घिमिरे, स्वास्थ्य कार्यालय, झापा

खोप अधिकृत, श्री इश्वरी प्रसाद पौडेल, स्वास्थ्य कार्यालय, झापा

सभापती, श्री लोकराज ढकाल, नेपाल रेडक्रस सोसाइटी, झापा शाखा

स्वास्थ्य अधिकृत, श्री जीवन चौलागाई, स्वास्थ्य कार्यालय, झापा

अध्यक्ष, टीकाराज ढकाल, प्रदेश उद्योग वाणिज्य संघ प्रदेश नं १

अध्यक्ष, हरी गौतम, गै.स.स. महासंघ, झापा

निर्णयहरुः-

१. कनकाई नगरपालिकाको च.नं. ४० मिति २०७८/०४/८ गतेको पत्रानुसार उक्त पालिका स्तरिय कोरोना भाइरस नियन्त्रण समितिको मिति २०७८/०४/०८ गते बसेको बैठकको निर्णय अनुसार कनकाई नगरपालिकामा मिति २०७८/०४/०८ गते देखि मिति २०७८/०४/१६ गतेसम्म उक्त पालिका भर गरिएको शिल गर्ने निर्णयलाई अनुमोदन गरि आवश्यक सहयोग एवं समन्वय गर्ने।

२. दमक नगरपालिकाको मिति २०७८/०४/१० गतेको पत्रानुसार उक्त पालिका स्तरिय कोरोना भाइरस नयन्त्रण समितिको मिति २०७८/०४/०९ गते बसेको बैठकको निर्णय अनुसार दमक नगरपालिकामा मिति २०७८/०४/११ गते देखि मिति २०७८/०४/१७ गतेसम्म उक्त पालिका भर गरिएको शिल गर्ने निर्णयलाई अनुमोदन गरि आवश्यक सहयोग एवं समन्वय गर्ने।

३. स्वास्थ्य सेवा विभाग, टेकु काठमाण्डौको च.नं. ३१४१ मिति २०७८/०३/२८ गतेको पत्र अनुसार भेरोशिल खोप लक्षित समुह ५५ वर्ष र सो भन्दा माथी उमेर समुहका कोभिड विरुद्धका पहिलो मात्रा खोप लगाउन बाँकी सबै नागरिकहरु, शिक्षक, कर्मचारी, प्राध्यापक, सार्वजनिक यातायातका चालक/सहचालक, अत्यावश्यक सेवामा कार्यरत

व्यक्तिहरु, विदेश जान भिषा लागेका नागरिकहरु, पेट्रोलियम व्यवसायमा संलग्न फ्रन्टलाइनमा काम गर्ने कामदारहरु, भन्सार एजेन्टहरु, फ्रन्टलाइनमा काम गर्ने खोप लगाउन छुटेका सुरक्षाकर्मीहरु, झापा जिल्ला स्थित उद्योग वाणिज्य संघका पदाधिकारीहरु, निर्माण व्यवसाय संघका पदाधिकारीहरु, नेपाल रेडक्रस सोसाइटीका स्वयम् सेवकहरु, बैंकिङ्ग सेवामा क्यास काउन्टरमा काम गर्ने कर्मचारी एवं सुरक्षा गार्डहरुको लागि मिति २०७८/०४/१२ गतेदेखि मिति २०७८/०४/१५ गतेसम्म जिल्ला स्थित सम्पूर्ण सरकारी अस्पतालहरु, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी र पालिकाले तोकेका अन्य स्थानहरुमा खोप केन्द्र राखि यस चरणको भेरोशिल खोप अभियान संचालन गर्ने साथै पहिलो र दोस्रो दिन उमेर समुहका व्यक्तिहरुलाई प्राथमिकता दिने र तेस्रो दिन अन्य समुहहरुलाई खोप सेवा संचालन गर्ने ।

४. बिर्तामोड नगरपालिकाको लागि गारामनी स्वास्थ्य चौकी, चारपाने स्वास्थ्य चौकी, अनारमनी नगर अस्पताल र देवी माविमा थप खोप केन्द्र राखे ।

५. झापा जिल्लामा नियमित खोप संचालन भई रहेका कन्काई, झापा, शिवसताक्षी, कमल, गौरादह र गौरिगंजमा निर्णय गरी ७ दिन भित्र यस चरणको भेरोशिल अभियान सम्पन्न गर्ने ।

६. झापा जिल्लाको सम्पूर्ण पालिकाहरुमा तोकिएका खोप केन्द्रहरुमा संचालन हुने खोप अभियानको लागि आवश्यक सुरक्षा व्यवस्था नेपाल प्रहरी र सस्शत्र प्रहरी बल नेपालबाट मिलाउने ।